# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ९) सङ्ख्या : १ प्रकाशित मिति : २०८३/०२/०२


## भाग–२

## सुन्तलाजात फलफूल विस्तार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३

**स्वीकृत मिति: २०८३/०१/२५**

**प्रमाणीकरण मिति: २०८३/०१/२५**

**प्रस्तावना:**

सिद्धिचरण नगरपालिका भित्र सुन्तलाजात फलफूल विस्तार कार्यक्रमका कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा सिद्धिचरण नगरपालिकाको प्रशासकीय मापदण्ड (नियमन गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी सिद्धिचरण नगरपालिकाले यो मापदण्ड बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस मापदण्डको नाम "सुन्तलाजात फलफूल विस्तार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३" रहेको छ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

१) "स्थानीय सरकार" भन्नाले सिद्धिचरण नगरपालिका,ओखलढुंगालाई सम्झनुपर्छ ।

२) "समुह" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारका जिल्लास्थित निकाय तथा स्थानीयतहमा विधिवत् रुपमा दर्ता भएको कृषक समूह सम्झनुपर्छ।

३) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनुपर्छ ।

४) "फर्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेको फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ ।

५) "समिति" भन्नाले यसै मापदण्डको दफा ६ बमोजिम गठित प्रस्ताव छनौट तथा मूल्याङ्कन समिति सम्झनु पर्दछ।

६) "कृषि शाखा" भन्नाले नगरपालिका अन्तर्गतको कृषि शाखा सम्झनु पर्दछ।

३. **उद्धेश्यः** यस कार्यकर्मको उद्धेश्य देहाय बमोजिम हुनेछः

१) गुणस्तरीय बिरुवा र उन्नत प्रविधिको प्रयोगबाट मुख्य फलफूल बालीहरुको क्षेत्रफल विस्तार र बगैंचा सुदृढीकरणद्धारा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

२) संम्भाव्य फलफूलमा आत्मनिर्भरता बढाई आयातलाई प्रतिस्थापन गर्ने ।

३) विभिन्न फलफूलका नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरी सम्भाव्यताको आधारमा विस्तार गर्ने ।

४) यान्त्रीकरण मार्फत बगैंचाको व्यवस्थापन गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकिया

४. **कार्यक्रम सञ्चालन प्रकियाः** यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहाय अनुसार हुनेछः

१) यस कार्यक्रममा विधिवत् रुपमा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यममीहरुले व्यावसायिक फलफूल खेती स्थापनाका लागि प्रस्ताव पेश गर्नुपर्नेछ।

२) प्रस्ताव पेश गर्दा पान दर्ता प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्नेछ।

३) कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी सिद्धिचरण नगरपालिका कृषि शाखाको हुनेछ ।

४) यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका बालीमा तोकिए अनुसार क्षेत्रफलमा व्यावसायिक बगैंचा स्थापनाका लागि प्रस्ताव पेश गर्नुपर्नेछ । साथै स्थान विशेष र माग अनुसार फलफूल बालीहरु कार्यविधिको दफा ६ बमोजिम समितिको सहमतिमा थप गर्न सकिनेछ ।

**तपसिल**

| क.सं. | कार्यक्रम सञ्चालन हुने स्थान | फलफूलको नाम | आवश्यक जग्गा |
|---|---|---|---|
| १ | सिद्धिचरण नगरपालिका वडा नं. १ देखि १२ सम्म | सुन्तला, कागती | ३ रोपनी |

**५. सूचना प्रकाशन तथा प्रस्ताव संकलनः**

१) सूचना प्रकाशनः सिद्धिचरण नगरपालिकाले कार्यक्रम संचालनका लागि कृषि फर्म, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीलाई सुन्तलाजात फलफूल विस्तार गर्नको लागि अनुसूची-१ बमोजिमको प्रस्ताव आवहानको १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।

२) सूचना प्रकाशन भए पश्चात् ईच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमहरुले तोकिएको समयभित्र अनुसूची-२ बमोजिम

आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु र अनुसुची-३ बमोजिमको प्रस्ताव संलग्न राखी सिद्धिचरण नगरपालिका कृषि शाखामा आवेदन दर्ता गर्नुपर्नेछ ।

## ६. प्रस्ताव छनौट तथा मूल्याङ्कन समितिः

१) तोकिएको समयसीमा भित्र विधिवत रुपमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कनको लागि तपसिल बमिजिमको प्रस्ताव छनौट तथा मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति - संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ग) नगरपालिका कृषि शाखा प्रमुख - सदस्य सचिव

## ७. प्रस्ताव मूल्याङ्कन छनौट र सम्झौता

१) प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावलाई दफा ६ को उपदफा (१) बमोजिमको प्रस्ताव छनौट तथा मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन प्रकृया अगाडि बढाउनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम प्रस्तावको प्रारम्भिक मूल्याङ्कन गर्दा अनूसुची-२ अनुसारको आवेदन तथा संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मूल्याङ्कनका लागि योग्य हुनेछन् ।

३) समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ ।

४) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठ्ठा ठहरिएको प्राविधिक रुपले अनुपयुक्त देखिएको वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएको प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढानुपर्नेछ ।

## ८. सञ्चालन हुने मुख्य मुख्य क्रियाकलापः

१) सुन्तलाजात फलफूल विस्तार कार्यक्रम अन्तर्गत नयाँ/पुरानो बगैंचा स्थापनाका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा तोकिए अनुसार

सेवा उपलब्ध गराउनुपर्नेछ ।

| क्र.स | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | फलफूल बगैंचा क्षेत्र विस्तार | श्रोत बिरुवा खरिद तथा वितरण | • श्रोत बिरुवा खरिदमा ५०% अनुदान।<br>• ढुवानी मल्चिङमा ५०% अनुदान | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट बिरुवा व्यवस्थापन गर्नुपर्ने। सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम गर्नुपर्ने। |
| २. | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन पावर/मिनि टिलर घाँस काट्ने र गोड्ने मेशिन आदि । | • प्रचलित बजार मूल्यमा ५०% अनुदान । | |
| ३. | सिँचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट) भूमिगत सिँचाई पाईप, कुलो निर्माण, नविनतम् प्रविधिमा आधारित सिँचाई (थोपा सिँचाई) | • प्रचलित बजार मूल्यमा ५०% अनुदान । | |
| ४. | बगैंचा व्यवस्थापन | प्रोटिन बेट, बोर्डो पेष्ट (चुना,निलोतुथो), सल्फर युक्त विषादी,खनीज तेल, ATSO Oil आदि। | • प्रचलित बजार मूल्यमा ५०% अनुदान । | |

२) उपदफा १ बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्रोतकेन्द्रबाट विरुवा व्यवस्थापन गर्नुपर्नेछ। स्रोतकेन्द्रबाट विरुवा व्यवस्थापन हुन नसकेमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद-३
## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

### ९. लागत ईस्टिमेट र सम्झौताः

१) प्रस्ताव छनौट पश्चात अनुदानग्राहीले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण पश्चात लागत ईस्टिमेट तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२) स्वीकृत ईस्टिमेटको आधारमा नगरपालिका र अनुदानग्राही बीच अनुसूची-५ बमोजिमको सम्झौता गर्नुपर्नेछ ।

३) अनुदानग्राहीहरुले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ बोर्ड सर्वसाधारणले देख्ने गरी राख्नुपर्नेछ ।

४) माग र ईस्टिमेटको आधारमा सामाग्री खरिद गरी सम्बन्धित अनुदानग्रागीलाई नगरपालिकाले उपलब्ध गराउनुपर्नेछ।

### १०. खर्च सम्बन्धी व्यवस्थाः

१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराईने अनुदान रकम, सामाग्री यस मापदण्डमा तोकिए बमोजिम हुनेछ।

२) अनुदानग्राहीलाई काम र मागको आधारमा प्रगति अनुसार बढीमा २ (दुई) किस्तामा सम्झौता बमोजिम अनुदान रकम नगद भएमा खाता मार्फत र सामाग्री भए सम्बन्धित कृषक/कृषक समूह/सहकारी/फर्मलाई उपलब्ध गराउनुपर्नेछ।

३) मागको आधारमा दफा ८ को उपदफा (१) बमोजिमको क्रियाकलाप अनुसार उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद-४

## अनुगमन तथा विविध

**११. अनुगमन र मूल्याङ्कनः** नगरपालिका र कृषि शाखाबाट नियमित रुपमा अनुगमन हुनेछ।

**१२. प्रगति प्रतिवेदन पठाउनुपर्नेः** अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ। कार्यक्रम संयोजकले आफ्नो कार्यक्षेत्रमा यस कार्यक्रम अन्तर्गत स्थापना तथा सुदृढिकरण भएका फलफूल बगैंचाको विवरण तयार गरी चौमासिक रुपमा नगरपालिकामा पठाउनुपर्नेछ।

**१३. आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परीक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजानिक खर्चको मापदण्ड, कार्यविधि, मितव्यायिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघीय सरकारका प्रचलित कानून बमोजिम हुनेछ।

**१४. प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. अनुसूचीमा संशोधन र हेरफेरः** नगर कार्यपालिकाले यस मापडण्डमा रहेको अनुसूचीमा आवश्यकता अनुसार संशोधन, थपघट तथा हेरफेर गर्न सक्नेछ।

**१६. बाधा अड्काउ फुकाउः यस** मापदण्ड कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा नगरपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१७. खारेजी र बचाऊः** मापदण्डलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ ।

## अनूसुची-१

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आवाह्नानको सूचना

आर्थिक वर्ष ...................................... को सिद्धिचरण नगरपालिका ................................................ को स्वीकृत कार्यक्रम अनुसार सुन्तलाजात फलफूल विस्तार कार्यक्रम रहेको हुँदा ईच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी तथा उद्यमीहरुबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र अनूसुची २ बमोजिमका कागजातहरु संलग्न राखी सिद्धिचरण नगरपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। यस सम्बन्धमा थप जानकारीका लागि सिद्धिचरण नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

संलग्न गर्नुपर्ने कागजातहरुः

| | |
|---|---|
| ........................................... | ........................................... |
| कृषि शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

## अनूसुची २
## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
## आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु

मितिः

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**सिद्धिचरण नगरपालिका, ओखलढुंगा।**

**विषयः**

उपरोक्त सम्बन्धमा मेरो कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमीबाट सिद्धिचरण नगरपालिका, ओखलढुंगा जिल्ला अन्तर्गत सिद्धिचरण नगरपालिका वडा नं..................स्थानमा.......................जातको फलफूल बगैंचाको ................. क्षेत्रफलमा व्यावसायिक रुपमा स्थापना गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रू. ......................... मध्ये रु. .........................रकम मेरै/हाम्रै संस्थाबाट बेहोरी बाँकी रु. ......................... अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमको कागजातहरु संलग्ना राखी निवेदन पेश गरको छु/छौं ।

**संलग्न कागजातहरुः**

१) अनूसुची २ अनुसारको निवेदन,
२) नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपि,
३) अनूसुची ३ अनुसारको प्रस्ताव,
४) दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (पान) र करचुक्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,
५) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गा हो भने न्यूनतम १० (दश) वर्ष करार सम्झौता प्रमाणपत्रको प्रतिलिपि,
६) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि।

**निवेदकः**

दस्तखतः

नाम थरः

ठेगानाः

## अनूसुची - ३

## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्तावको ढाँचा

१) कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमीको नामः

२) ठेगानाः

३) स्थापना हुने बगैंचाको क्षेत्रफलः

४) विस्तार हुन सक्ने क्षेत्रफलः

५) परियोजनाको पृष्ठभुमीः (संस्था एवम् स्थान परिचय, अवस्था र उद्धेश्य)

६) परियोजनाको उद्धेश्यः

७) कार्य योजनाः (के, कति, कहिले, कसरी र कसले गर्ने सम्बन्धमा)

८) अपेक्षित प्रतिफलः

९) अनुमानित बजेटः

| क्र.स. | क्रियाकलापको नाम | जम्मा लागत (रु.) | संस्थाले व्यहोर्ने रकम (रु.) | माग गरिएको अनुदान रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१०) बिरुवाको श्रोत र उपलब्धताको सुनिश्चिताको प्रमाण।

११) दिगोपना (कम्तीमा ५ वर्षको कार्ययोजना)

१२) नयाँ सोच केही भए उल्लेख गर्नुपर्ने।

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखतः

संस्थाको छापः

नोटः प्रस्तुत प्रस्ताव संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा तयार गरी पेश गर्नु पर्नेछ।

## अनुसूची- ४
## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
## सम्झौता-पत्र

आर्थिक वर्ष ...................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पेश भएको प्रस्तावको आधारमा सुन्तलाजात फलफूल विस्तार कार्यक्रम सञ्चालन प्रयोजनार्थ "व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" अनुसार मिति...................................मा गरिएको प्रस्ताव आवहानको सूचना अनुसार यस कार्यालयको मिति ....................... को निर्णयले जम्मा लागत रु........................ (अक्षरेपी...................................... मात्र) मध्ये कार्यालयबाट अनुदान रु..................... (अक्षरेपी.........................मात्र) हुने गरि तपसिल अनुसारको फलफूल विस्तार कार्यक्रम संञ्चालन गर्न निम्नानुसारका शर्तहरुमा मञ्जुर गरी यो सम्झौता गरिएको छ।

| क्र.स. | क्रियाकलापको नाम | नगरपालिकाले व्यहोर्ने रकम (रु) | अनुदानग्राहीले व्यहोर्ने रकम (रु) | जम्मा लागत (रु) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | **जम्मा** | | | | |

सर्तहरुः

१) यो सम्झौता पत्र सिद्धिचरण नगरपालिका, ओखलढुंगा (प्रथम पक्ष भनिने) र ......................दोस्रो पक्ष भनिने बीच व्यावसायिक फलफूल(.............) बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२) यो सम्झौता दुवै पक्षवाट हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ।

३) दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र सुरु गर्नुपर्नेछ।

४) दोस्रो पक्षको लापरबाहीको कारण कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको समपुर्ण जिम्मेवारी सम्बन्धित पक्षको हुनेछ।

५) दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पुर्ण कामकारवाही व्यावसायिक योजना, डिजाईन, ईष्टिमेट अनुसार परियोजना सञ्चालन गर्नुपर्नेछ ।

६) दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिईएको अनुदान रकम परियोजना निर्माण/मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्याईको कारणबाट परियोजनावाट निर्माण गरिएको पुर्वाधारहरु/मेशिनरी उपकरणहरुको हानीनोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिईएको अनुदान रकम दोस्रो पक्षबाट असूल उपर गरिनेछ ।

७) परियोजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मतसंग सम्बन्धित कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ ।

८) निर्माण कार्य अथवा यस सम्बन्धि दोस्रो पक्ष र प्रथम पक्षबीच कुनै विवाद आएमा परियोजना कार्यान्वयन ईकाईको निर्णय अन्तिम हुनेछ ।

९) अन्य कुनै बुँदा थपघट गर्नु परेमा स्थानीय आवश्यकता अनुसार दुवै पक्षको आपसी समझदारीमा गरिनेछ ।

१०) सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा नभएका विषय/कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट | सम्बन्धित शाखाको तर्फबाट |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| ठेगानाः | पदः | पदः |
| छापः | कार्यालयको छापः | |
| समितिः | | |

इति संवत................साल................महिना........गते रोज........शुभम् ।

आज्ञाले

भीष्मराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत